# लक्ष्मीनियाँ गाउँपालिका
# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ३

## भाग १

## लक्ष्मीनियाँ गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

पारित मिति : २०७७/९/२९ गते

# लक्ष्मीनियाँ गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

पारित मिति : २०७७/९/२९ गते

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकिय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम लक्ष्मीनियाँ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम लक्ष्मीनियाँ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन लक्ष्मीनियाँ गाउँपालिकाका लक्ष्मीनियाँ गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "ऐन" भन्नाले लक्ष्मीनियाँ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले लक्ष्मीनियाँ गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले लक्ष्मीनियाँ गाउँपालिका सम्झनुपर्दछ ।

(घ) "सभा" भन्नाले लक्ष्मीनियाँ गाउँ सभा सम्झनुपर्दछ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्दछ ।

३. **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त लक्ष्मीनियाँ गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही लक्ष्मीनियाँ गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।